मष्टा गाउँपालिकाको सम्मानित गाउँसभाको बाह्रौं अधिवेशन २०८२ साल असार १० गते मंगलबार

गाउँपालिकाका उपाध्यक्ष श्री हर्क धामीज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२।८३ को

# बजेट वक्तव्य

मष्टा गाउँपालिका

२०८२

**सभाका अध्यक्ष एवं गाउँपालिका अध्यक्षज्यू,**

१. यस मष्टा गाउँपालिकाको गरिमामय गाउँ सभाको बाह्रौ अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०८२।८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. गाउँपालिकाको आगामी सोच एवं जनआकाङ्क्षा समेटिएको आर्थिक बर्ष २०८२।८३ को नीतिलाई कार्यक्रम र बजेटमार्फत व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० अनुसार गाउँ सभाको बाह्रौ अधिवेशनमा आ.व.२०८२।८३ को आय र व्यय अनुमान प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको महसुस गरेको छु।

३. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली व्यक्त गर्दछु। साथै संघीय शासनपद्यतिलाई आत्मसात गर्दै राष्ट्रियता,स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्दी प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली  जनता र सो अभियानका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

४. यो बजेटले यस मष्टा गाउँपालिकाको जनअपेक्षालाई क्रमश: सम्बोधन गर्दै गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक,दिगो पूर्वाधार, सूचना प्रविधि, नवप्रर्वतन एवं उद्यमशिलता तथा विपद उतथानशील विकास रणनीतिक महत्व राख्ने विश्वास लिएको छ।

५. अब म गाउँपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु। चालु आ.व.२०८१।८२ को लागि कुल बजेट रु ४५ करोड ९६ लाख ९६ हजार ७ सय ३५ (पूरक बजेट तथा असार पहिलो हप्ता सम्मको थप अख्तियारी समेत) अनुमान गरिएको छ। जसमध्ये चालु शीर्षकमा रु ३४ करोड ३१ लाख २८ हजार ७ सय ३५ विनियोजन भएकोमा मिति २०८२ साल असार पहिलो हप्तासम्म रु २४ करोड ९१ लाख ७१ हजार ५ सय ३० अर्थात ७२.६१ प्रतिशत र पुँजीगततर्फ रु ११ करोड ६५ लाख ६८ हजार विनियोजन भएकोमा ५ करोड ८७ लाख १९ हजार १ सय ३५ अर्थात ५०.३७ प्रतिशत गरी कुल खर्च जम्मा रु ३० करोड ७८ लाख ९० हजार ६ सय ६५ अर्थात ६६.९७ प्रतिशत भएको अवस्था छ ।

६. आन्तरिक आम्दानी तर्फ रु २५ लाख लक्ष्य रहेकोमा मिति २०८२ साल असार पहिलो हप्तासम्म रु १६ लाख ६५ हजार २ सय १३ अर्थात ६६.६० प्रतिशत आम्दानी भएको छ

। साथै संघीय तथा सुदूर पश्चिम प्रदेश बाट प्रक्षेपित समानिकरण अनुदान १० करोड ३४ लाख १९ हजारमा असार पहिलो हप्तासम्म रु ९ करोड ५५ लाख ९१ हजार आम्दानी भएको छ । साथै संघीय सरकारको समानिकरण अनुदानको ८.२४ प्रतिशत अर्थात ७८ लाख २८ हजार निकासा नहुने जानकारी प्राप्त भएको छ । यसको प्रत्यक्ष असर विनियोजन गरिएका पालिकाका योजनाहरुमा पर्ने देखिएको छ।

७. संघीय सरकारबाट राजश्व बाँडफाँडको शीर्षकमा प्रक्षेपित रु ८ करोड २ लाख मध्ये असार पहिलो हप्तासम्म रु ६ करोड २६ लाख ९१ हजार ८ सय ३४ तथा सुदूर पश्चिम प्रदेशबाट प्रक्षेपित रु ९ लाख ९२ मध्ये असार पहिलो हप्तासम्म ८ लाख ९४ हजार प्राप्त भएको अवस्था छ। यसरी राजश्व बाँडफाँडको निकासाको अवस्था हेर्दा आ.व.२०८१।८२ को असार १५ गते सम्म कम्तिमा पनि रु १ करोड निकासा नहुने देखिएको छ। जसको प्रत्यक्ष असर कार्यालय संचालन तथा व्यवस्थापनमा पर्ने देखिएको छ।

८. अव म आगामी आ.व.२०८२।८३ मा प्रस्ताव गरिएको बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ:

- ➢ गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा गाउँबासीको पहुँच बृद्धि
- ➢ स्थानीय उत्पादनमा वृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण मार्फत उत्पादनमूलक रोजगारी सिर्जना गर्ने
- ➢ गाउँपालिका भित्र सडक यातायात तथा भौतिक पूर्वाधारको स्तरोन्नती गरी जनताको जीवनस्तर सहज बजाउन
- ➢ नवप्रवर्तन तथा उद्यमशिलता प्रर्वद्धन
- ➢ सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सूचना प्रविधिको प्रयोग मार्फत सुशासनको अनुभूति
- ➢ लक्षित वर्गहरुको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्नु

आ.व.२०८२।८३ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ:

- शिक्षा विकास
- सडक पूर्वाधार तथा यातायत
- कृषि तथा पशु विकास कार्यक्रम

- स्वास्थ्य सेवा
- रोजगार प्रर्वद्धन र उद्यमशिलता
- वन वातावरण तथा विपद व्यवस्थापन
- उर्जा तथा सूचना सञ्चार प्रविधि
- यूवा तथा खेलकुद विकास
- पर्यटन प्रर्वद्धन तथा संस्कृति संरक्षण
- कर्मचारी प्रशासन सशक्तिकरण तथा जनशक्ति विकास

उल्लेखित उदेश्य एवं प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार ,सुदूर पश्चिम सरकार, छिमेकी स्थानीय सरकार निजि तथा सहकारी क्षेत्र ,गैर सरकारी क्षेत्र ,स्थानीय संस्था तथा उपभोक्ता सम्बद्द समितीहरु संग समन्वय एवं साझेदारी गरिनेछ।

**सभाका अध्यक्ष महोदय,**

अब म गाउँपालिकाको आ.व.२०८२।८३ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँपालिकाको आ.व.२०८२।८३ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल व्यय रु ४४ करोड ३५ लाख २१ हजार ९ सय १३ रहेको छ। यसको लागि आन्तरिक आय रु २६ लाख ५० हजार , संघीय सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरण रु ३२ करोड ७३ लाख ९९ हजार ९ सय १३, संघीय सरकार राजश्व बाँडफाँड रु ७ करोड ९४ लाख ७५ हजार, प्रदेश सरकार वित्तिय हस्तान्तरण ३ करोड २१ लाख ३३ हजार र प्रदेश सरकार राजश्व बाँडफाँड १८ लाख ६४ हजार रहने प्रक्षेपण गरिएको छ।

९. सामाजिक सुरक्षा लगायत अन्तर सरकारी अख्तियारी शीर्षकमा अनुमानित रु ८ करोड ५० लाख रहने प्रक्षेपण गरिएको छ। जसलाई अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कनको प्रबन्ध गरिने छ।

१०. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन भएको प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## क्रमागत आयोजनाहरुको निरन्तरता

११.चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका क्रमागत एवं बहुवर्षिय ठेक्का भएका योजनाहरु (पालिकाको प्रशासकीय भवन, मालिका पर्यटकीय क्षेत्र, तपवन पर्यटकीय क्षेत्र निर्माण) समयमै सम्पन्न गर्नको लागि रु १ करोड बजेट विनियोजन गरेको छु।

१२.हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तर बाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाईने छ। यसरी कार्यान्वयन हुने आयोजनाहरुको लागि प्रत्येक वडाहरुमा एकमुष्ट रु २ करोड बजेट विनियोजन गरिएको छ।

## शिक्षा युवा तथा खेलकुद

१३.सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरका लागि प्रशासकीय तथा व्यवस्थापकीय सुधार क्रियाकलापमा आधारित सिकाई कार्यक्रम संचालन गर्नको लागि रु १ करोड ५६ लाख बजेटको व्यवस्था गरेको छु। यस बजेटले ३३ वटै विद्यालयहरु मध्ये, शैक्षिक गुणस्तर कमजोर भएका विद्यालयहरुको गुणस्तर सुधार गर्न महत्वपूर्ण भुमिका खेल्ने विश्वास लिएको छु।

१४.विद्यालयलाई प्रविधि मैत्री बनाउन विद्यालयको कक्षाकोठामा स्मार्ट वोर्ड कार्यक्रम संचालन गर्न, विद्यार्थीलाई जिवन उपयोगी सीप, संचार , कम्पुटर , प्रविधि जस्ता सीपहरुलाई अगाडी बढाउन लिएको मष्टा गाउँपालिकाको नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकार विशेस अनुदान कार्यक्रम अन्तरगत शैक्षिक सुधारका लागि उपयुक्त वातावरणको श्रृजना कार्यक्रमका लागि रु २५ लाख बजेट व्यवस्था मिलाएको छु।

१५.विद्यालयमा दिवाखाजा कार्यक्रमलाई नियमित तथा व्यवस्थित गर्नका लागि रु ७० लाख बजेट विनियोजन गरेको छु।

१६.उच्च शिक्षा हासिल गर्न चाहने सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न तथा जेहेनदार विद्यार्थिहरुको MBBS अध्ययन गर्नका लागि **MBBS अध्ययन छात्रवृति** कोषको निरन्तरताका लागि रु १० लाख बजेट विनियोजन गरेको छु

१७.आमा बुवा नभएका ६ बर्ष देखि १६ बर्ष उमेर समूहका टुहुरा बालबालिकाहरुको पठनपाठन को सहजता तथा सुनिश्चितताका कार्यक्रमको निरन्तरताका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु।

१८.पालिका स्तरीय लाम्पाटा खेल मैदान निर्माण कार्य सुरुवात गरिनेछ । यसका लागि १० लाख बजेटको व्यवस्था मिलाएको छु ।

१९.विद्यालयको शैक्षिक प्रशासन, व्यवस्थापन तथा शिक्षण सिकाईमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै शैक्षिक तथ्याङ्क र मूल्याङ्कन प्रक्रियामा डिजिटल सफ्टवयर प्रयोगको लागि सशर्त अनुदान बाट व्यवस्था हुने गरी बजेट विनियोजन गरेको छु ।

२०.सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुको थप पारिश्रमिक तथा शैक्षिक व्यवस्थापन र गुणस्तर सुधारका लागि रु ८० लाख बजेट विनियोजन गरेको छु ।

२१.मष्टा गाउँपालिकामा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन तथा व्यवस्थापन गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।

२२.विद्यालयमा दिवा खाजा कार्यक्रमलाई सञ्चालन तथा व्यवस्थापन गर्नका लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छु ।

**भौतिक पूर्वाधार तथा वस्ती सुधार**

२३.मष्टा गाउँपालिकामा संचालित सडकहरुलाई व्यवस्थित बनाई यातायात सहज रुपमा संचालन गर्न तथा सडक लाई स्तरोन्नती गर्नको लागि मष्टा गा.पा. बाँडेगाउँ लटौन हुदै रिलु जोड्ने सडक र तपवन रिलु हुदै मालिका जोड्ने सडक निर्माणको लागि प्रदेश वित्तीय हस्तान्तरण बाट रु १ करोड १७ लाख र पालिकाले व्यहोर्ने २०% ले हुन आउने रकम रु २९ लाख २५ हजार गरी जम्मा रु १ करोड ४६ लाख २५ हजार बजेटको व्वस्था मिलाएको छु ।

२४.मष्टा गाउँपालिकाको भौगोलिक अवस्थाका कारण बर्षे याममा सडकहरु अवरुद्द हुने भएकाले सडक सफाई तथा स्तरोन्नतीका लागि रु ५० लाख विनियोजन गरेको छु।

२५.विद्यालयको भौतिक संरचना व्यवस्थित गर्नका लागि वडा नं २ को शारदा मा.वि.को फिल्ड निर्माण र वडा नं ४ को कुलमष्टजन मा. वि. को घेरवार निर्माणको लागि जम्मा रु ४५ लाख बजेट विनियोजन गरेको छु ।

२६.डुङ्ग्री भुस्या सडक निर्माण तथा स्तरोन्नतीको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

२७.मल्ला काँडापानी बाठपाला मन्दिर पर्यटकीय पदमार्ग वडा न ७, नानन्देव मन्दिर भौतिक संरचना निर्माण वडा न १ र मोरा रातापानी लाक्षिगाड खोला नियन्त्रण वडा न १ मा प्रदेश सरकार सशर्त अनुदान बाट खर्च हुने गरी एकमुष्ट रु ४० लाख बजेटको व्यवस्था मिलाएको छु।

२८.पालिकामा विद्युतिकरण हुन बाकि बस्तीहरुमा विद्युत विस्तारका लागि रु ३० लाख व्यवस्था गरेको छु ।

२९.मष्टा गाउँपालिकाको वडा नं ६ र ७ मा बाह्रै महिना सिचाई उपलब्ध्धताको लागि कुसेलाटा बुकाडाँडा सिचाई कुलो निर्माण गर्न संघीय सरकार र मष्टा गाउँपालिकाको समपुरक कोष बाट खर्च हुने गरी रु १ करोड ६८ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

३०.नमुना विद्यालय कार्यक्रम निरन्तरताको लागि संघीय सरकार सशर्त अनुदान बाट कार्यान्वयन हुने गरी श्री कुलमष्टजन मा. वि. लाई रु १ करोड बजेट विनियोजन गरिएको छ ।

३१.विभिन्न निकाय बाट पालिकामा प्राप्त हुने समपुरक योजनाहरुको साझेदारीका लागि समपुरक कोषबाट खर्च हुने गरी एकमुष्ट रु ६० लाख रकम विनियोजन गरेको छु ।

३२.वडा नं ४ को आग्रा सडक र धामी गाउँ सेरा सडक निर्माणको लागि एकमुष्ट रु २० लाख बजेटको व्यवस्था गरेको छु ।

**कृषि तथा पशुविकास**

३३.आर्थिक बर्ष २०८१।८२ मा स्थापना भएको स्याउर/ओखर पकेट विकास कार्यक्रम निरन्तरताको लागि शसर्त अनुदान अन्तरगत कार्यान्वयन हुनेगरी रु ६ लाख वजेट विनियोजन गरेको छु ।

३४.मष्टा गाउँपालिकाको कृषि तथ्याङ्कलाई यथार्थपरक वनाउन र किसान सूचिकरण कार्यलाई समयमै सम्पन्न गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३५.धान, गहुँ र मकैको उन्नत विउ वितरण र वितरकहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरताको लागि रु १४ लाख ७५ हजार शसर्त अनुदान अन्तरगत खर्च हुने गरी व्यवस्था गरिएको छ।

३६.समग्र मष्टा गाउँपालिकाको कृषि विकासको लागि रु १५ लाख वजेटको व्यवस्था गरेको छु।

३७.विपद् बाट प्रभावित र कम आय श्रोत भएका कृषकहरुको जीवन स्तर सुधारका लागि कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनको लागि प्रदेश सरकार वित्तिय हस्तान्तरण विशेष अनुदान बाट खर्च हुने गरी रु २५ लाख वजेट व्यवस्था गरेको छु ।

३८.मासु, दुध र ऊनमा आत्मनिर्भरताका लागि भेडा, बंगुर र गाईभैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न संघीय सरकार शसर्त अनुदान कार्यक्रम अन्तरगत रु १२ लाख ५० हजार वजेट छुट्याईएको छु ।

३९.पशुपन्छीको आकस्मिक तथा महामारी रोगको रोगथाम र नियन्त्रणको लागि आवश्यक औषधि/खोप व्यवस्थापन, कृतिम गर्भाधान सेवा सञ्चालन, पशु स्वास्थ्य शिविर सञ्चालन, पशुपन्छी पालनमा अनुदान दिने र पशु सेवा शाखाको मासिक प्रगती रिपोटीङ लगायत समग्र कार्यक्रमको लागि रु १५ लाख विनियोजन गरेको छु ।

४०.मष्टा गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल सँगको साझेदारी सञ्चालित कृषि तथा पशुपन्छी विकास कार्यक्रम निरन्तरताका लागि रु ४० लाख बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य सेवा तथा वहुक्षेत्रीय पोषण**

४१.सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सम्बन्धि रोग र रुगणताको पहिचान, जेष्ठ नागरिक, असाहाय, अपाङ्ग, महिला र बालबालिकाको स्वास्थ्य स्थिति सुधारकालागि एकिकृत घुम्ति शिविर मार्फत स्वास्थ्य सवलिकरण गर्ने मष्टा गाउँपालिकाको नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकार विशेस अनुदान कार्यक्रम बाट खर्च हुनेगरी एकल महिला बालबालिका जेष्ठ नागरिक तथा सिमान्तकृत नागरिकको शिबिर कार्यक्रम संचालन गरी स्वास्थ्य सवलिकरण गर्नका लागि रु २५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

४२.पोषण मैत्री स्थनीय शासन प्रर्वद्धन, सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान कार्यक्रमका लागि रु ३० लाख ६५ हजार बजेट विनियोजन गरेको छु ।

४३.आधारभूत औषधि खरिद एवं आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य केन्द्र,सामुदायिक स्वास्थ्य ईकाई केन्द्र,वर्थिङ्ग सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि रु. १५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

**पर्यटन**

४४.मष्टा गाउँपालिकाको ढँडार मष्टा माणु पूर्ननिर्माण महाअभियान कार्यविधि २०८१ र मष्टा माँणुलाई पर्यटकीय गन्तव्यको रुपमा अगाढी बढाउने मष्टा गाउँपालिकाको नीतिलाई कार्यान्वयन गर्न भातेखोला वडा न ४ हुदै मष्टा माँणु पदमार्ग निर्माण गर्नको लागि रु २५ लाख बजेट विनियोजन गरेको छु ।

४५.मष्टा गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरु एवं लोपन्मुख कला सस्कृति मुल्यमान्यताको संरक्षण र संम्वर्द्धनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४६.मष्टा माँणुको पुनः निर्माण महाअभियानलाई साकार पार्न रु १० लाख र तपवन तिर्थस्थल लाई पर्यटकिय क्षेत्रको रुपमा विकास कार्यको निरन्तरताको लागि रु १० लाख विनियोजन गरेको छु ।

## उद्यमशिल विकास, सहकारी तथा रोजगारी प्रवर्द्धन

४७.स्थानीय श्रोतमा आधारित स्वरोजगार सिर्जना गर्ने खालका नविनतम विचारहरुको सदुपयोग गर्न एउटा Innovative Idea Bank स्थापना गरिनेछ । व्यक्ति, समुह, सहकारी, व्यापारी र सामाजिक संघ, संस्थाहरुले पेश गरेका उत्कृष्ट विचार तथा अवधारणाहरुको प्रभावकारी कार्यान्वयनका लागि रु ५ लाख वजेट विनियोजन गरेको छु ।

४८.स्थानीय स्तरमा उपलब्ध ढटेलो र भाङ्ग्रो बाट उत्पादित तेल, गान्टे मूला (चोतो) बाट उत्पादित अचार, सिन्की, गुन्द्रुक र चाना, कुएलीको जुस उत्पादन, ब्राण्डिङ, लेवलिङ, गुणस्तर निर्धारण, वजारीकरण र अल्लो भाङ्ग्रो बाट कपडा उत्पादन गर्न विभिन्न संघ संस्थाहरु सँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

४९.सुचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूती गरी स्थानीय तहको भौतिकका साथै जीविकोपार्जन टेवा दिन संघीय सरकार र मष्टा गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न रु ५७ लाख ४ हजार बजेट विनियोजन गरेको छु ।

## सूचना प्रविधि तथा डिजिटल प्रणाली

५०.गाउँपालिका र वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरुलाई प्रभाबकारी वनाउन सवै वडा कार्यालय, स्वास्थ्य संघ संस्था र गाउँपालिकामा अप्टिकल फाईवर विस्तारका लागि रु २० लाख बजेटको व्यवस्था गरिनेछ ।

५१.डिजिटल साक्षरता अभियान अन्तरगत स्थानीय नागरीक,कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संस्था र विद्यालयलाई लक्षित गरी डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशिकरण

५२. महिला सशक्तिकरण, लैङ्गिक हिंसा, जातिय विभेद, छुवाछुत तथा अन्य कुरितिहरु न्यूनिकरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

५३. मष्टा गाउँपालिकामा विभिन्न विपद् तथा विपदजन्य जोखिम न्यूनिकरण कार्यका लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु ५० लाख बजेटको व्यवस्था गरेको छु ।

५४. मष्टा गाउँपालिकामा विभिन्न गैर सरकारी संस्थाहरु सँग साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि रु १ करोडका बजेट विनियोजन गरेको छु ।

५५. वनजङ्गलमा पानीका मुहान संरक्षण गर्न, पारिस्थितिक प्रणालीलाई सन्तुलन राख्न, वन पैदावरको उत्पादन वढाउन र जङ्गली जनावरहरुलाई खानेपानी आपूर्तिमा सहजता ल्याउन मष्टा गाउँपालिकाका विभिन्न सामुदायिक वनहरुमा रिचार्ज टयाङ्की निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन विनियोजन गरेको छ ।

## कर्मचारी प्रशासन,जनशक्ति विकास तथा सुशासन

५६. जनप्रतिनिधि र कर्मचारीहरुको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम संचालन , सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका नीति तथा कार्यक्रम संचालन गर्नको लागि रु १५ लाख बजेट विनियोजन गरेकोक छु।

## सेवा प्रवाह

५७. संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकार बाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखाङ्कनको व्यवस्था गरिने छ।

५८. गाउँपालिका बाट प्रदान गरिने सेवा प्रवाह लाई चुस्त दुरुस्त प्रविधि मैत्री र समयानुकुल विकासको लागि आवश्यकता अनुरुप जनप्रतिनिति र कर्मचारीहरुको क्षमता विकासको लागि रु १० लाख को व्यवस्था गरिएको छ ।

५९.गाउँपालिकामा सुशासन सहित मितव्ययी र प्रभावकारी सेवा प्रवाह गर्नको लागि कर्मचारीहरुको नियमित पारिश्रमिक,क्षमता विकास ,प्रोत्साहन लगायत गाउँपालिकाको समग्र प्रशासनिक कार्यको लागि रु ८ करोड ८० लाख बजेट छुट्याएको छु।

६०.गाउँपालिकामा उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारी अवार्ड, विद्यालयका शिक्षक तथा कर्मचारीलाई मष्टादेव शैक्षिक अवार्ड बाट सम्मानित गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु

**अन्तमा**

६१.प्रस्तुत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष, गाउँकार्यपालिका सदस्य, गाउँसभा सदस्य, राजनीतिकदलका प्रतिनिधि एवं राजनीतिज्ञ, निजि क्षेत्र, विकास सहयात्री लगायत गाउँवासी दाजुभाई तथा दिदीबहिनी लगायत अहोरात्र खटिने गाउँपालिकाका सप्पूर्ण कर्मचारी मित्रहरु लाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु।

धन्यवाद

हर्क धामी

गाउँपालिका उपाध्यक्ष

मष्टा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भातेखोला, बझाङ्ग

मिति २०८२ असार १० गते मंगलबार